# कानेपोखरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# बयरबन, मोरङ

मर्मत सम्भार कोष

सञ्चालन तथा व्यवस्थापन
निर्देशिका
२०७४

## बिषय सूची


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| | भुमिका | १ - २ |
| परिच्छेद १ (एक): प्रारम्भिक | | ३ |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ३ |
| २ | परिभाषाः | ३ - ४ |
| परिच्छेद २ (दुई): लक्ष तथा उद्देश्य | | ५ |
| ३ | निर्देशिकाको लक्ष्य : | ५ |
| ४ | निर्देशिकाको उद्देश्य : | ५ |
| परिच्छेद ३ (तीन): मर्मत सम्भार कोष | | ६ |
| ५ | मर्मत संभार कोष को स्थापना र व्यवस्थापन | ६ - ७ |
| परिच्छेद ४ (चार): कोषको प्रयोग र खर्च सम्बन्धी व्यवस्था | | ८ |
| ६ | कोषको प्रयोग र खर्चकालागि संरचनाको छनौट र क्षेत्राधिकार | ८ - १० |
| परिच्छेद ५ (पाँच): मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको संरचना साथै काम, कर्तव्य र अधिकार | | ११ |
| ७ | समिति र समितिको संरचनाः | ११ - १२ |
| ८ | समितिको काम कर्तव्य र अधिकार : | १२ - १३ |
| ९ | कार्यदल गठन सम्बन्धी व्यवस्था | १३ |
| परिच्छेद ६ (छ): समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्था | | १४ |
| १० | समितिको बैठक संचालन तथा सेवा सुविधा संबन्धी व्यवस्था | १४ - १५ |
| परिच्छेद ७ (सात): विविध | | १६ |
| ११ | मर्मत सम्भार कार्य गर्ने गराउने व्यवस्था | १६ |
| १२ | अनुगमन तथा मुल्याङ्कन | १६ |
| १३ | संसोधन तथा परिमार्जन | १६ |
| १४ | प्रचलित कानून बमोजिम हुनेः | १६ |
| १५ | अमान्य वा निस्कृय हुनेः | १६ |

# कानेपोखरी गाउँपालिका
# गाउँ कार्यपालिका कार्यालय
# बयरबन, मोरङ
## मर्मत संभार कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४

**भूमिका**

कानेपोखरी गाउँपालिका मोरङ जिल्लाका साविकका बयरवन, केरौन र होक्लाबारी गाउं विकास समितिहरूलाई एकिकृत गरी स्थानीय तह पुनसंरचना आयोगको सिफारिस अनुसार नेपाल सरकारको निर्णय बमोजिम २०७३ सालमा स्थापित नयाँ गाउँपालिका हो । प्रदेश नं. १ को दक्षिणी क्षेत्रमा अवस्थित मोरङ जिल्लाको सदरमुकाम बाट पूर्व भागमा रहेको यस गाउँको सम्पूर्ण क्षेत्र समथल भुभागमा पर्दछ । पूर्वमा पथरीसनिस्चरे र सुनवर्सी नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका, उत्तरमा लेटाङ नगरपालिका तथा दक्षिणमा रङ्गेली नगरपालिकासंग जोडिएर समुद्र सतहबाट करिव ७५ मिटर उचाईमा रहेको यो गाउँपालिकामा कुल ८२.८३ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस गाउँपाकिको कुल क्षेत्रफल मध्ये जम्मा ४८२५ हेक्टर जमिन (कुल क्षेत्रफलको ८५ %) कृषि योग्य जमिनको रुपमा रहेको भएता पनि उक्त कृषि योग्य जमिन मध्ये ७५ % मात्र भुभाग कृषि उपज उत्पादनकालागि प्रयोगमा आएको पाईन्छ । केन्द्रिय तथ्याङ्क विभागको २०६८ सालको तथ्याङ्कका आधारमा हेर्दा यस गाउँपालिकाका ८६८३ घर परिवारमा महिला २०५४१ तथा पुरुष १७४९२ गरी कुल ३८०३३ जनसंख्या रहेको देखिन्छ भने यसै गाउँपालिकाको बस्तुगत विवरण २०७४ का आधारमा २०७४ सालमा ८७९४ घर परिवारमा बसोबास गर्ने महिला २५३५५ र पुरुष २४४३६ गरी कुल ४९७९१ पुगेको देखिन्छ । प्रशासनिक सुगमता र सुशासनको व्यवस्थपनकालागि ७ वटा वडामा विभक्त गरिएको यस गाउँपालिकाको दिगो विकासको आधार तयार गर्न निर्माण सम्पन्न भएका र हुने पूर्वाधारहरूको नियमित मर्मत संभार एक अनिवार्य सर्त हो ।

पर्याप्त उर्बर जमिनले परिचित यो गाउँपालिकामा प्रशस्तै जंगल र जलस्रोत समेत उलपब्ध रहेका कारण प्राकृतिक सम्पदाका दृष्टिकोणले समेत निकै सम्पन्न मानिन्छ । यसै गाउँपालिकाको बस्तुगत विवरण २०७४ लाई आधार मानेर सार्वजनिक पूर्वाधारहरूको लेखा जोखा गर्दा विद्यालय तर्फ प्राथमिक विद्यालय ११, निम्नमाध्यमिक विद्यालय ५, मादयमिक विद्यालय ६ र क्याम्पस १ गरी जम्मा २३ वटा शिक्षण सस्थाहरू सञ्चालनमा रहेका देखिन्छन् भने यीनमा शिक्षक शिक्षिकाकालागि २६ वटा र छात्रछात्राकालागि ५८ वटा गरी कुल ८४ वटा सौचालय सञ्चालनमा रहेको देखिन्छ । स्वास्थ्य क्षेत्रका पूर्वाधारको लेखाजोखा गर्दा ३ वटा स्वास्थ्य चौकी मात्र रहेको पाईन्छ भने सिचाईका पूर्वाधारको हकमा कालिकोशी दहीखोला, सुनसरी मोरंग सिंचाई आयोजना र ठडीया, सुकुना, विसनपुर, भलुवा र डाँसखोला पैनी सञ्चालनमा रहेको देखिन्छ । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनकालागि कालिकोशी

सिमसार, भलुवा सिमसार र कानेपोखरी जस्ता तालतलैया र प्राकृतिक पोखरी समेत रहेको यो गाउँपालिकामा धार्मिक स्थलको हिसावले ४३ वटा विभिन्न मठमन्दिर, २ वटा मस्जिद, २ वटा गुम्बा र ४ वटा चर्च रहेको देखिन्छ । ३ वटा मात्र आफ्नै कार्यालय भवन रहेको यो गाउँपालिकामा ४ कि.मि. राजमार्ग, १७.२ कि.मि. सहायक राजमार्ग, विभिन्न वडामा गरी २४ कि.मि. पक्कि तथा कालोपत्रे सडक, ४५० कि.मि. ग्राभेल सडक, २७ कि.मि. कच्ची तथा मौसमी (निर्माणधिन समेत) गरी कुल ५२२ कि.मि. सडक सञ्जाल रहेको छन् भने जम्मा ३.५ कि.मि.मात्र सतह ढल तथा नाला रहेको छ । डाँसखोला पूल र भलुवाखोला पूल गरी २ वटा झोलुङ्गे पुल, ६ वटा सार्वजनिक पाटी पौवा र चौतारा, ५ वटा खेलमैदान रहेको यस गाउँपालिकामा विगतमा बाढी बाट भएको जमिन कटानले करिव २ करोड बराबरको २५ विगाहा जमिन समेत नोक्सान भएको देखिन्छ ।

कानेपोखरी गाउँपालिका थुप्रै अवसर र संभावना बोकेको भएता पनि विगत देखिनै स्थापित भएर आएका केहि चुनौतिहरूको समेत सामनाकालागि तयार रहनु पर्ने अवस्था देखिएको छ । बढ्दो जनआकांक्षा र आवश्यकता बमोजिमको माग पुरा गर्ने गरिको स्रोत र साधनको कमी, दिगो र भरपर्दो भौतिक पूर्वाधारको अभाव, बदलिएको परिवेश संगै उपयुक्त नीति नियमको अभाव, बिभिन्न खोला किनारा लगायतका स्थानमा रहेको अव्यवस्थित बसोबास, श्रम पलायनका कारण उत्पन्न दक्ष जनशक्तिको अभाव र यसले विकास निर्माणमा सृजना गरेको नकारात्मक प्रभाव, जनचेतनामा कमी, गरिवी तथा बेरोजगारी, भूमिको प्रयोगमा सहि व्यवस्थापनको खाँचो साथै विपद व्यवस्थापन र त्यसको न्यूनिकरणकालागि आवश्यक दिगो व्यवस्थापनको खांचो यसका केहि उद्धारण हुन । संरचनायुक्त पूर्वाधारको निर्माण गर्नु मात्र हैन यीनको दिगो पना र त्यसको व्यवस्थापन एक अनिवार्य सर्त हो । बदलिएको परिवेश संगै दिगो विकासको आधारसिला निर्माण गर्न बिद्यमान तथा अब बन्ने संरचनायुक्त पूर्वाधारहरूको नियमित तथा विश्वासिलो मर्मत संभारकालागि विगत र वर्तमानमा रहेको आर्थिक लगायतका सम्भाव्य सवैखाले स्रोत र साधनको अभाव उत्पन्न हुन नदिनु आजको प्रमुख आवश्यकता हो । नियमित मर्मत संभारकालागि बजेट लगायतका स्रोत र साधनको व्यवस्थापनमा देखिएको कठिनाईको अन्त्य गर्दै यसको दिगो समाधान गर्न अनिवार्य भएको छ । यसै विषयलाई आत्मसात गर्दै संरचनागत पूर्वाधारहरूको दिगो व्यवस्थापनकालागि एक मर्मत संभार कोषको व्यवस्थापन गर्न अनिवार्य भएको कारण स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १५ को १०१ मा भएको व्यवस्था र परिच्छेद ३ को ११ को ८ मा गाउँपालिकाले आफ्ना काम, कर्तब्य र अधिकारको प्रयोग गर्दा आवशयकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ भन्ने भएको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० अनुसार गाउँपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न पाउने व्यवस्था समेतका आधारमा कार्यपालिकीय अधिकार प्रयोग गरी गाउँसभाले गरेको निर्णय र सो बमोजिम प्रत्यायोजन गरेको अधिकार अन्तरगत रही आगामि गाउँसभा बाट अनुमोदन गराउने गरी यो **"कानेपोखरी गाउँपालिका मर्मत संभार कोष संचालन तथा ब्यवस्थापन निर्देशिका २०७४"** गाउँ कार्यपालिका बाट पारित गरी लागु गरिएको छ ।

# परिच्छेद १ (एक)
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क. यस निर्देशिको नाम "कानेपोखरी गाउँपालिका मर्मत संभार कोष संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४" रहेको छ

ख. यो निर्देशिक कानेपोखरी गाउँपालिका गाउँकार्यपालिकाको वैठकबाट निर्णय भई गाउँसभावाट स्वीकृत भएपछि लागु हुनेछ तर गाउँसभा नबसेको अवस्थमा यो निर्देशिका गाउँसभा बाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वनयमा ल्याउन बाधा पुगेको मानिने छैन

### २. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. “निर्देशिका” भन्नाले कानेपोखरी गाउँपालिकाले कार्यान्वयनमा ल्याएको "कानेपोखरी गाउँपालिका मर्मतसंभार कोष संचालन तथा व्यवस्थापन निर्देशिका २०७४" लाई सम्झनु पर्छ

ख. “सभा” भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गठित कानेपोखरी गाउँपालिकाको गाउँसभा लाई सम्झनु पर्नेछ

ग. “गाउँपालिका” भन्नाले कानेपोखरी गाउँपालिकालाई सम्झनु पर्दछ

घ. “कार्यपालिका” भन्नाले कानेपोखरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ

ङ. “अध्यक्ष” भन्नाले कानेपोखरी गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ

च. “उपाध्यक्ष” भन्नाले कानेपोखरी गाउँपालिको उपाध्यक्ष लाई सम्झनु पर्दछ

छ. “वडाअध्यक्ष” भन्नाले कानेपोखरी गाउँपालिकाका वडाहरूका निर्वाचित वडाअध्यक्ष लाई सम्झनु पर्दछ

ज. “वडा सदस्य” भन्नाले कानेपोखरी गाउँपालिकाका वडाहरूका वडा सदस्यहरू लाई सम्झनु पर्दछ

झ. “सदस्य” भन्नाले कानेपोखरी गाउँपालिकाका गाउँकार्यपालिकाका सदस्यलाई सम्झनु पर्दछ साथै यसले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र अध्यक्ष समेतलाई जनाउने छ

ञ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यकारी प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ

ट. "स्थानीय सरकार वा स्थानीय तह " भन्नाले कानेपोखरी गाउँपालिकालाई सम्झनु पर्दछ

ठ. " कोष " भन्नाले कानेपोखरी गाउँपालिकाको मर्मत संभार कोष लाई सम्झनु पर्दछ

ड. **“समिति”** भन्नाले यसै निर्देशिका बमोजिम गठित **"मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति"** लाई सम्झनु पर्दछ

ढ. **“कार्यदल”** भन्नाले मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिले गठन गरेको कार्यदललाई सम्झनु पर्दछ

ण. **"सडक बोर्ड"** भन्नाले सडक बोर्ड नेपाल लाई सम्झनु पर्दछ

त. **“योजना तथा आयोजना”** भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी वा नतोकि निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप लाई सम्झनु पर्दछ

थ. **“उपभोक्ता समिति”** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समुहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि आफुहरू मध्ये बाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समुह समेतलाई जनाउँछ

द. **"सार्वजनिक संरचना"** भन्नाले भवन, सडक तथा सडकमा रहेका कलभर्ट, ढल तथा नाला, बाँध, पैनी, कुलो, पुल पुलेसा, ताल तलैया, सिमसार, पोखरी, सार्वजनिक शौचालय लगायत ऐतिहासिक तथा पुरातात्विक महत्वका संरचना आदि समेत लाई सम्झनु पर्दछ

ध. **"विपद्"** भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपदीपूर्ण अवस्थालाई सम्झनु पर्छ र सो शब्दले कुनैपनि ठाउँमा विपदीपूर्ण अवस्था सिर्जना भई धनजनको क्षतीको साथै जीवन यापनमा प्रतिकुल असर परी वा पारी विपद् बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यक्ता पर्ने दुखदः तथा कष्टपूर्ण प्राकृतिक वा गैर प्राकृतिक विपद् र जलवायु परिवर्तनबाट हुनसक्ने विपदीपूर्ण अवस्थालाई समेत सम्झनु पर्दछ

न. **"विकास साझेदार"** भन्नाले नेपाल सरकार (संघीय तथा प्रदेश सरकार) वा स्थानीय सरकार वा तह संग प्रचलित कानून अनुसार सम्झौता गरी वा नगरी नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुईपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघसंस्थाहरूलाई सम्झनु पर्दछ साथै स्थानीय तहमा लागत सहभागिता गर्ने उपभोक्ताहरूलाई समेत मान्न सकिनेछ

प. **"भुक्तानी रकम"** भन्नाले गाउँपालिका आफैले वा नेपाल सरकाका अन्य निकायहरूसंग वा विकास साझेदारसंग वा उपभोक्ता समिति वा सामुदायिक संस्थासंग लागत सहभागिता गरी वा नगरी निर्माण भएका पूर्वाधार विकासका कार्यसंग सम्वन्धित पक्षलाई गाउँपालिकावाट दिईने भुक्तानी रकमलाई जनाउंदछ

# परिच्छेद २ (दुई)
## लक्ष तथा उद्देश्य

**३. निर्देशिकाको लक्ष्य :** मर्मत सम्भार कोष स्थापनाको मुल लक्ष देहाय बमोजिम रहेको छ ।

**"कानेपोखरी गाउँपालिकालाई दिगो विकासमा आधारित मर्मत सम्भारकालागि बलियो र भरपर्दो स्रोत साधन र पुर्वाधार युक्त गाउँपालिकाको रुपमा निर्माण र विकास गर्ने"**

**४. निर्देशिकाको उद्देश्य :** यस निर्देशिकाका उद्देश्य देहाय बमोजिम रहेका छन्

क. आर्थिक अभावका कारण पूर्वाधारहरूको दिगोपनाकालागि नियमित तथा आकस्मिक रुपमा गरिनु पर्ने मर्मत संभारको कार्य हुन नसक्ने अवस्थाको अन्त्य गर्ने

ख. निर्माण भएका तथा हुने पूर्वाधारयुक्त संरचनाहरूको बलियो र टिकाउपनलाई बढाउने

ग. मर्मत संभारको अभावमा जिर्ण हुन गई पुन निर्माण गर्नु पर्दा हुने ठूलो धन जनको लागतमा कमि ल्याउने

घ. निर्माण भएका तथा हुने संरचनायुक्त पूर्वाधारहरूको नियमति मर्मत संभार गर्ने साथै मर्मत संभारको अभावमा हुने दुर्घटनामा कमि ल्याउने

ङ गाउँपालिकाको योजना शाखा तथा प्राविधिकहरू, उपभोक्ता समिति, निर्माण ब्यवसायी तथा उपभोक्ता र नागरिक समाज समेतलाई जिम्मेवार बनाउने

च. सवै सरोकारवालाको अपनत्वको विकास गर्ने

छ. कानेपोखरी गाउँपालिकालाई मर्मत संभारको हिसावले सवल र सक्षम गाउँपालिकाको रुपमा बिकास र विस्तार गर्ने

## परिच्छेद ३ (तीन)
## मर्मत सम्भार कोष

### ५. मर्मत संभार कोष को स्थापना र व्यवस्थापन

निर्माण भएका र हुने संरचनायुक्त भौतिक पूर्वाधारहरूको नियमित मर्मत सम्भार संरचनाहरूको दिगोपना बढ्ने र निर्माणलागतमा कमि आउने एक महत्वपूर्ण पक्ष हो । यसरी संरचनायुक्त भौतिक पूर्वाधारहरूको नियमित मर्मत सम्भारकालागि आर्थिक लगायतका स्रोत र साधनको दिगो र भरपर्दो व्यवस्थापन गर्न अनिवार्य छ । कानेपोखरी गाउँपालिका बर्खरै संरचित र स्थापित भएको गाउँपालिका भएका कारण स्रोत र साधनको हिसावले बलियो बन्न सकको छैन । विद्यमान सिमित स्रोत र साधनका कारण एकातर्फ आन्तरिक आम्दानी बाट एकै पटक मर्मत सम्भारकालागि ठूलो रकम खर्च गर्न सक्ने अबस्था छैन भने अर्कोतर्फ दाता र विकास साझेदार साथै संघीय तथा प्रदेश सरकार बाट नियमित रुपमा प्राप्त हुने रकमको समेत सुनिस्चित भएको अवस्था छैन । यस परिवेशमा मर्मत संभारका लागि आवश्यक स्रोत र साधनलाई दिगो, भरपर्दो र बलियो बनाउन अनिवार्य छ । कानेपोखरी गाउँपालिकामा निर्माण भएका तथा हुने सवै खाले संरचनायुक्त भौतिक पूर्वाधारहरूको नियमित मर्मत सम्भार गर्न, विपत्तिको अवस्थामा समेत पूर्वाधारहरूको दिगोपनालाई सुरक्षित राख्न सहज होस तथा कानेपोखरी गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरूलाई सुरक्षित राख्न सकियोस भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १० दफा ७० मा भएको व्यवस्थाको अधिनमा रहि यो मर्मत सम्भार कोषको स्थापना गरीएको छ ।

**(१) कोषमा जम्मा हुने रकम**

मर्मत सम्भार कोषलाई मजबुत, भरपर्दो र विश्वासिलो बनाउनु दिगो विकासको प्रमुख आधार मात्र नभएर गाउँपालिकाबासी लगायत सवै सरोकारवालाहरूको अहम् कर्तब्य र जिम्मेवारी समेत हो । आगामि ५ बर्ष भित्र यस गाउँपालिकालाई मर्मत सम्भारको हिसावले सक्षम बनाउने उद्घोषका साथ कानेपोखरी गाउँपालिकाले स्थापित गरेको यस मर्मत सम्भार कोषमा देहाय बमोजिमको रकम जम्मा हुने व्यवस्था गरिएकोछ

(क). नेपाल सरकार (संघीय तथा प्रदेश) वाट मर्मत संभारकालागि प्राप्त हुने रकम

(ख). कानेपोखरी गाउँपालिका वाट मर्मत संभारको लागि विनियोजित रकम

(ग). कानेपोखरी गाउँपालिका बाट पूर्वाधार संरचनाको निर्माण लागतको भुक्तानीमा निम्नानुसार मर्मत सम्भारका लागि कट्टा हुने रकम :

१. उपभोक्ता समिति वा अमानत द्वारा संचालन भएका भौतिक पुर्वाधारयुक्त आयोजनाहरूको हकमा कुल कार्यसम्पादन रकमको ५ % ले हुने रकम

२. ठेक्का वा निर्माण ब्यवशायी मार्फत निर्माण हुने भौतिक पुर्वाधारयुक्त आयोजनाहरूको हकमा लागत अनुमानमा मर्मत संभार कोषका लागि ५ % ले हुने रकम

३. विभिन्न शिर्षक अन्तरगत बिमा गरिए बापत (क्षतिपूती वा पुरा अवधि बाट) प्राप्त रकम

(घ). यातायातका साधन, यातायात ब्यवशायी, स्थानीय उपभोक्ता, उपभोक्ता समिति, विकास साझेदार एवं अन्य निकाय वा तहबाट मर्मत संभारको लागि प्राप्त हुने रकम

(ङ). सडकबोर्ड नेपाल लगायतका नेपाल सरकार (संघीय तथा प्रदेश) मतहतका अन्य निकाय, योजना तथा परियोजना बाट प्राप्त हुने रकम

**(२) मर्मत सम्भार कोषको खाता संचालन तथा ब्यवस्थापन देहाय बमोजिम हुनेछ**

क. कोषको खाता सञ्चालनकालागि कानेपोखरी गाउँपालिकाले यस कोषको नाममा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क, ख, वा ग बर्गको बैंकहरू मध्ये कुनै एकमा छुट्टै बैंक खाता खोली सञ्चालनमा ल्याउनेछ ।

ख. कोषको खाता स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको ब्यवस्था बमोजिम कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतवाट सचालन हुनेछ । तर प्रचलित कानून वमोजिम स्थापना भएको कोषको खाताको सञ्चालन सम्वन्धमा अधिकार प्रत्यायोजन गर्न यस ब्यवस्थाले बाधा पुगेको मानिने छैन

ग. कोषको खाता सञ्चालन तथा ब्यवस्थापन कानेपोखरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ

घ. खाता सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ

ङ. बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति तथा कोषको अवस्थालाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाले पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ

च. रकमान्तर तथा श्रोतान्तरः गाउँसभाले स्वीकृत गरेको कुनै एक कार्यकमिक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी गाँउकार्यपालिकाले रकमान्तर गर्न सक्नेछ । तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन

छ. यस निर्देशिका बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमाजाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ

ज. कोषको आन्तरीक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ

## परिच्छेद ४ (चार)
## कोषको प्रयोग र खर्च सम्बन्धी व्यवस्था

### ६. कोषको प्रयोग र खर्चकालागि संरचनाको छनौट र क्षेत्राधिकार

**(१) मर्मत संभारको लागी सार्वजनिक संरचनाको छनौट**

कानेपोखरी गाउँपालिकाको अद्यावधिक अभिलेख र उपभोक्ताबाट मर्मत संभारका लागि गाउँस्तरीय बार्षिक मर्मत संभार योजनामा समावेश गर्न भनी माग भई आएका आयोजनाहरू मध्ये छनौट गर्दा देहायका आधारमा मर्मत सम्भारकालागि सवैभन्दा वढी आवश्यक र उपयूक्त देखिएको आयोजनालाई पहिलो प्राथमिकता दिने गरी छनौट गर्नु पर्नेछ

क. गाउँपालिका यातायात गुरु योजनामा परेका सडकहरू

ख. गाउँपालिकाले तोकेको वस्तीविकास एवं ग्रामिण विकास तथा स्थानीय बजार विकास योजना मापदण्डमा परेका एवं सो अनुरुप सडकको क्षेत्राधिकार तोकिएका सडकहरू

ग. तत्कालै मर्मत कार्य नगर्दा ठूलो जनधनको क्षति हुने संरचनाहरू

घ. गरिब, विपन्न, सीमान्तकृत तथा लक्षित समुदायको पहुंच स्थापित गर्न सहयोग पुर्‍याउने संरचनाहरू

ङ. बालमैत्री, अपाङ्ग मैत्री तथा बालबालिका तथा अपांगता भएकाहरूलाई मूल प्रवाहमा प्रवाहीकरण गर्न सहयोग पुग्ने संरचनाहरू

च. कृषि तथा औद्योगिक प्रवर्धन, स्वास्थ्य सेवाको प्रवाह साथै वातावरण मैत्री गाउँपालिका निर्माणको प्रर्वद्धनको लागि सहयोग पुग्ने पूर्वाधारमा आधारित संरचनाहरू

छ. गांउ र सहरको अन्तरसम्बन्धलाई जोड्ने पूर्वाधारमा आधारित संरचनाहरू

ज. गाउँकार्यपालिकाले तथा गाउँसभाले अति महत्पूर्ण भनि किटान गरेका संरचनाहरू

झ. नेपाल सरकार (संघीय तथा प्रदेश) लगायत दाता वा विकास साझेदार बाट शसर्त अनुदानमा मर्मत सम्भारकालागि छानौट भएका संरचनाहरू

ञ. उपभोक्ताले ५० % भन्दा बढी लागत सहभागिता गर्ने गरी मर्मत सम्भारकालागि माग गरेका संरचनाहरू

ट. प्राकृतिक तथा गैर प्राकृतिक विपत्ती बाट क्षती ग्रस्त भएका संरचनाहरू

**(२) कोषबाट खर्च गरिने क्षेत्रहरू**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम माथि उल्लेखित पूर्वाधार युक्त संरचनाहरूको छनोटका आधारमा मर्मत सम्भारकालागि देहाय बमोजिमका क्षेत्रमा मात्र खर्च गर्न पाईनेछ :

२. १ नियमित मर्मत सम्भार (सडक, ढल तथा नाला): नियमित मर्मत सम्भारमा देहायका क्षेत्र तथा विषयहरू समावेश हुनेछन :

क. नियमित रुपमा गर्नु पर्ने सडक, ढल तथा नालाको मर्मत सम्भार

ख. सडक किनाराको ढल तथा नालाको मर्मत तथा सम्भार गर्नु पर्दा कारण बस सडक किनाराका ढल तथा नालाको सफाई गर्नु पर्ने भए लागत अनुमानमानै समावेश गरेर सफाई समेत गर्न सकिनेछ

ग. सडकमा खसेको माटो र ढुंगा हटाउने

घ. सडक, ढल तथा नालालाई असर गर्न सक्ने सडक नजिकैको घांस तथा रुखको हांगा काटने

ङ. सामान्य खालको पहिरो तथा भुस्खलन हटाउने

च. पुल तथा कलभर्टको मर्मत तथा सफाई गर्ने

छ. शहरी सौन्दर्य अभिवृद्धि गर्ने अन्य सार्वजनिक संरचना मर्मत गर्ने

ज. नेपाल सरकार (संघीय तथा प्रदेश) लगायत मतहतका निकाय र कार्यालय साथै विकास साझेदार संगको साझेदारीमा गरिने मर्मत सम्भार सम्बन्धी कार्यहरू

२.२ पटके मर्मत सम्भार (सडक, ढल तथा नाला) पटके मर्मत सम्भारमा देहायका क्षेत्र तथा विषयहरू समावेश हुनेछनः

क. माटे सडकमा सवारी साधनको चक्काले बनाएका खाल्डा खुल्डी पुर्ने

ख. सडक सतहको खाल्डो पुर्ने र सडक किनारा मिलाउने कार्य गर्ने

ग. क्याम्वर मिलाउने

घ. ग्राभेल सडक तथा कच्ची नालीको मर्मत गर्ने

ङ. कल्भर्ट पुलको प्यारापिट पर्खाल, रेलिग, रिटेनिग वाल आदि मर्मत गर्ने

च. वायो इन्जिनियरिंग गर्ने

छ. नदी तथा ताल तलैया संरक्षण गर्ने गराउने

ज. ढलको कभर वदल्ने एवं मर्मत गर्ने

झ.    ठूलो पहिरो र भुस्खलन हटाउने तथा मिलाउने

ञ.    कालोपत्रे सडकको पटहोल मर्मत गर्ने, पेनभेन्ट एज मर्मत गर्ने र सामान्य टुटफुट मर्मत गर्ने

२.३  गाउँपालिका तथा वडा कार्यालयका कार्यालय भवन तथा यीनका कम्पाउण्ड पर्खाल, सार्वजनिक महत्वका सामुदायीक भवन, सभाहल, अस्पताल, स्वास्थ्य केन्द्र, विद्यालय, सित भण्डार, बसपार्क तथा पार्किङ स्थालहरू, रङ्गशाला, धार्मिक स्थल लगायतका मठ मन्दिर, तटबन्धन, कुलो, पैनी लगायतका सिचाईका पूर्वाधारहरू

२.४  आकस्मिक मर्मत सम्भार

प्राकृतिक प्रकोप (भुकम्प, बाढी पहिरो, नदी तथा खोला कटान, हावाहुरी, चट्याङ, विद्युत सट, आगलागि लगायत) तथा विपद्बाट भएको सार्वजनिक संरचनाको क्षतिको मर्मत सम्भार गर्ने र भग्नावशेष व्यवस्थापन गर्ने

२.५  बन्द हट्ताल, हुलदुङ्गा, लडाई झगडा, युद्ध लगायत बाट सार्वजनिक संरचनामा भएको क्षतिको मर्मत सम्भार गर्ने

२.६  गाउँकार्यपालिकाको निर्णयानुसार सार्वजनिक संरचनाहरूको विमा गर्न

## परिच्छेद ५ (पाँच)
## मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको संरचना
## साथै
## काम, कर्तव्य र अधिकार

### ७. समिति र समितिको संरचनाः

(१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को १४ मा गाउँकार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ भन्ने भएको व्यवस्था बमोजिम कानेपोखरी गाउँपालिकामा मर्मत सम्भार सम्बन्धी आवश्यक नीति निमार्ण र कार्यान्वनयमा सहयोग प्रदान गर्नको लागि बढिमा ९ सदसीय **"कानेपोखरी गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति"** को गठन गरिनेछ साथै उक्त समितिको संरचना देहाय बमोजिम हुनेछ

| | | |
|---|---|---|
| क. | गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ग. | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | गाउँकार्यपालिकाले वडा अध्यक्ष मध्येबाट तोकेको २ जना वडा अध्यक्ष | सदस्य |
| ङ. | गाउँकार्यपालिकाले महिला सदस्यहरू मध्येबाट तोकेको २ जना महिला सदस्य | सदस्य |
| च. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| छ. | योजना तथा प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

(२) **समितिका सदस्यहरूको पदावधी समाप्ति सम्बन्धी व्यवस्था**

क. गाउँपालिकाको पदावधी समाप्त भएमा वा गाउँ कार्यपालिकाको सदस्य नरहेमा

ख. गाउँपालिका बाट अवकास लिएमा

ग. गाउँपालिकाको पदाधिकारीको हैसियतमा दिएको राजिनामा स्वीकृत भएमा

घ. यस समिति बाट राजिनामा दिएमा

ङ. कुनै प्रकारको फौजदारी तथा भ्रष्टचार सम्बन्धी अभियोग लागेमा वा प्रमाणीत भएमा

(३) समितिका सदस्यहरूको मनोनयन तथा हेरफेर सम्बन्धी व्यवस्थाः

क. यस निर्देशिकामा उल्लेख भए बमोजिमका गाउँकार्यपालिकाले मनोनित गर्ने भनि तोकएका समितिका सदस्यहरू मध्ये आवश्कता र कार्यकुसलताको आधारमा समितिका संयोजकको सिफारिसमा कुनै एक वा एक भन्दा बढी सदस्यहरू गाउँकार्यपालिकाले निर्णय गरी समय समयमा हेरफेर गर्न सक्नेछ

ख. यस समितिमा पदेन सदस्य रहने व्यवस्था भएकोमा परिच्छेद ५ को ७.२ बमोजिमका कारण उक्त पद रिक्त हुन गएमा उक्त स्थानमा गाउँकार्यपालिकाले अर्को व्यवस्था नहुनजेल सम्मकालागि गाउँकार्यपालिकाका कुनै पनि सदस्यलाई पदिय श्रेष्ठताका आधारमा नियुक्त वा मनोनयन गर्न सक्नेछ

## ८. मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

कानेपोखरी गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक संरचनाहरूको लगत अध्यावधिक गर्ने तथा राख्ने

ख. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक संरचनाको मर्मतको लागि प्राथमिकता तोकी एकिकृत वार्षिक मर्मत सम्भार योजना तर्जुमा गर्ने

ग. मर्मत सम्भार कोषलाई मजबुत, दिगो र भरपर्दो बनाउन स्रोत साधनहरूको पहिचान तथा व्यवस्थापन गर्ने

घ. मर्मत सम्भार कार्यलाई दिगो, भरपर्दो र वातावरण मैत्री बनाउन निर्माण तथा मर्मत सम्भार मापदण्ड निर्धारण गर्ने साथै सम्भाब्य सवै उपायहरूको खोजी गर्ने

ङ. स्थानीय श्रोत तथा साधन (आर्थिक, भौतिक तथा मानवीय) को अधिकतम प्रयोग गर्न सकिने गरी मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण एवं जनसहभागिता अभिवृद्धि गर्ने किसिमले कार्य योजना वनाउने

च. नेपाल सरकार (संघीय तथा प्रदेश), सडक बोर्ड नेपाल लगायत संभावित सवै साझेदार बाट प्राप्त हुने रकमका सन्दर्भमा प्रचलित कानून बमोजिम हुने गरी योजना छनौट गर्ने

छ. विपद ्बाट भएको क्षति यकिन गरी तत्काल गर्नुपर्ने काम, गर्न सकिने उपायहरू र साझेदार निकायहरूको पहिचान गरी गाउँपालिकामा पेश गर्ने

ज. आपत्कालीन अवस्थामा पूर्वाधार मर्मत गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने

झ. मर्मत सम्भार सम्वन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गरी गाउँपालिकालाई सल्लाह सुझाव दिने

ञ. मर्मत सम्भार गर्नुपर्ने सडक लगायतका सबै खाले सार्वजनिक संरचनाका बारेमा विकास साझेदारहरूसंग समन्वय गरी साझेदारीका लागि पहल गर्ने

ट. योजना तथा आयोजनाहरू बाट सेवा प्राप्त गर्ने लाभग्राहीहरू बाट सेवा शुल्क संकलन गर्ने वातावरण सृजना गरी मर्मत सम्भार व्यवस्थापन गर्न सहजीकरण गर्ने

## ९. कार्यदल सम्बन्धी व्यवस्था

यस समितिले आफ्नो कामलाई छिटो, छरितो र व्यवस्थित पार्न तथा आपतकालिन अवस्थामा समेत कार्य सम्पादनलाई सहज र प्रभावकारी बनाउन यस समितिका सदस्य मध्ये बाट समितिका संयोजकको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी समिति स्वयम्ले बढिमा ५ सदस्यीय एक कार्यदल गठन गर्न सक्नेछ । यस कार्यदलमा भौतिक पूर्वाधारहरूको मर्मत सम्भार गर्नु पर्ने वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागि गराउनु पर्नेछ ।

(१) कार्यदलको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. समितिको बैठकमा लैजाने बिषय बस्तुको निर्धारण गर्ने तथा प्रस्ताव तयार गर्ने

ख. समितिको बैठकमा लगेका विषय बस्तुको बारेमा समितिलाई स्पष्ट पार्ने

ग. समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने तथा गराउने

घ. आपतकालिन अवस्था सृजना भएको अवस्थामा समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नरहेमा समितिको बैठक नबस्दाका बखत सम्म समितिले गर्ने सम्पूर्ण कार्यहरू गर्ने

ङ. कार्यदलले गरेका कार्यहरूलाई समितिको बैठकमा अनुमोदनकालागि पेश गर्ने

च. समितिले दिएका निर्देशनको पूर्ण पालना गर्ने गराउने

(२) कार्यदलको बैठक संबन्धी ब्यवस्था

क. कार्यदलको बैठक आवश्यकता अनुसार जुनसुकै बेला बस्न सक्नेछ

ख. समितिको बैठक बस्नु भन्दा अगाडि समितिमा लैजाने विषय बस्तु तयारी र निर्धारणकालागि कार्यदलको बैठक बस्नेछ

ग. कार्यदलको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ

घ. बैठक सञ्चालन सम्बन्धी अन्य ब्यवस्था परिच्छेद ५ को ११ को (१) भएको ब्यवस्था बमोजिम हुनेछ

## परिच्छेद ६ (छ)
## समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्था

१०. समितिको बैठक संचालन तथा सेवा सुविधा संबन्धी ब्यवस्था

(१). समितिको बैठक सञ्चालन संबन्धी ब्यवस्था देहाय बमोजिम हुनेछ

क. समितिको बैठक कम्तिमा २ महिनामा एक पटक बस्नेछ र आवश्यकतानुसार जतिसुकै पटक पनि वस्न सक्नेछ

ख. समितिको बैठकमा समितिको संयोजक तथा सदस्यहरू स्वयं उपस्थित हुनु पर्नेछ, तथा समितिको बैठक समितिका संयोजकको अध्यक्षतामा बस्नेछ। अध्यक्ष नभएको अवस्थामा समितिको वैठक यस समितिका सदस्य गाउँपालिकाका उपाध्यक्ष र उपाध्यक्ष समेत नभएको अवस्थामा समितिका जेष्ठ सदस्यको संयोजकत्वमा संचालन हुनेछ

ग. सदस्यहरुको कूल संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरू उपस्थित नभएमा गणपूरक संख्या पुगेको मानिने छैन । तर उल्लेखित संख्यामा सदस्यहरू उपस्थित नभएको कारणवाट बैठक वस्न नसकेमा कम्तिमा दुई दिनको समय उपलब्ध गराई बैठक बोलाउन सकिने छ भने विशेष परिस्थिति उत्पन्न भएको अवस्थामा २४ घण्टाको सूचना दिई पुनः बैठक वोलाउन सकिनेछ। यसरी दाश्रो पटक बोलाएको बैठकमा समेत गणपुरक संख्या नपुगे पुन २४ घण्टाको समयावधि दिई बैठक बोलाउन सकिने छ साथै यस बैठकमा जम्म सदस्य संख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ

घ. समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने अध्यक्षले निर्णायक मत दिन सक्नेछ। तर, समितिको बैठकमा आफनो निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफल तथा निर्णयमा अध्यक्ष वा कुनै सदस्यले भागलिन वा मतदानगर्न पाउनेछैन

ङ. बैठकमा छलफलको निमित्त तोकिएको विषयमा क्रमवद्ध रुपमा छलफलगरी निर्णय गर्नुपर्नेछ, कुनै बैठकमा समयाभावले तोकिएको विषयमा छलफल हुन नसकेमा त्यसपछि वस्ने अर्को बैठकमा त्यस्तो विषयमा छलफल तथा निर्णय नगरी बैठकका अन्य विषयमा प्रवेश गर्न पाईने छैन

च. समितिको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि सामिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

छ. समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले वोलाउनेछ । तर कूल सदस्य संख्याको एक तिहाई सदस्यले बैठकमा छलफल गर्नुपर्ने विषय खोली समितिको बैठक वोलाउन अध्यक्ष समक्ष माग गरेमा त्यस्तो लिखित माग प्राप्त भएको सात कार्य दिनभित्र संयोजकले बैठक वोलाउने व्यवस्थागर्नु पर्नेछ  उल्लेखित अवधिभित्र समितिको बैठक नवोलाएमा त्यस्तो माग गर्ने सदस्यहरू आफैले समितिको बैठक बोलाउन सक्नेछन्

ज. समितिका कुनै पनि सदस्य विना कारण समितिको बैठकमा अनुपस्थित हुन पाईने छैन । मनासिव कारण वेगर तथा विना सूचना समितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थित रहेमा वा भएमा त्यस्ता सदस्यको समितिको सदस्यका हैसियतले कायम रहेको यस समितिको पद स्वतह समाप्त भएको मानिनेछ ।

झ. बैठक सुरु हुनु भन्दा १५ मिनट ढिलो उपस्थित हुन कुनै पनि सदस्यलाई संयोजकको निर्देशन भएमा बाहेकको हकमा बैठकमा उपस्थित गराउन पाईने छैन

(२) यस निर्देशिकामा उल्लेख भएको कार्यविधि परिमार्जन वा अध्यावधिक गर्नु परेमा समितिले प्रचलित कानूनको अधिनमा रही गाउँकार्यपालिकाको बार्षिक नीति तथा कार्यक्रम समेतलाई आधार मानी यस निर्देशिकामा उल्लेख भएको आफ्नो कार्यविधि परिमार्जन गरी वा अध्यावधिक गरी गाउँ कार्यपालिकामा पेश गर्नेछ । उक्त कार्यविधि गाउँकार्यपालिकाले पारित गरे पछी लागु हुनेछ

(३) समितिका सदस्यहरूको वैठक भत्ता प्रचलित ऐन तथा नियमा अनुसार गाउँकार्यपालिकको सिफारिसमा गाउँसभाले स्वीकृत गरे बमेजिम हुनेछ

(४) वैठकमा आवश्यकता अनुसार विशेषज्ञ, विषय विज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ

(५) यस निर्देशिकामा उल्लेख भए बाहेकको हकमा बैठक सञ्चालन सम्बन्धी आचारसंहिता समिति आफैले निर्धारण गर्नु पर्नेछ ।

## परिच्छेद ७ (सात)
## विबिध

**११. मर्मत संभार कार्य गर्ने गराउने व्यवस्था :**

कानेपोखरी गाउँपालिकाले मर्मत संभार कार्य गर्दा गराउँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस संग सम्बन्धित नियमावली, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित स्थानीय कानून र अन्य प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पुरा गरी गर्नुपर्ने छ । सार्वजनिक संरचनाको मर्मत संभार कार्यमा जनसहभागिता प्रर्वद्धनलाई उच्च प्राथमिकता दिईने छ

**१२. अनुगमन तथा मुल्याङ्कन**

क. यो निर्देशिका अनुसार गरिएका सम्पूर्ण कामकारवाहीहरूको अनुगमन तथा मुल्याङ्कन गाउँकार्यपालिकाले गर्नेछ

ख. अनुगमन तथा मुल्याङ्कन समितिले यो निर्देशिका अनुसार संचालित कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गरी बस्तुगत अवस्थाका बारेमा चौमासिक रुपमा वा गाउँकार्यपालिकाले तोकेको समय सिमा भित्र प्रतिवेदन समेत तयार गरी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ

ग. यसरी गाउँ कार्यपालिकामा पेश भएका प्रतिवेदनहरू सभा बाट स्वीकृत गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाले गाउँसभामा स्वीकृतिकालागि पेश गर्नु पर्नेछ

**१३. संसोधन तथा परिमार्जन**

कानेपोखरी गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन तथा ब्यवस्थान निर्देशिकालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक संशोधन, परिमार्जन गर्नु परेमा समितिको सिफारिस तथा गाउँकार्यपालिकाको निर्णय बमोजिम गाउँसभा बाट आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ

**१४. प्रचलित कानून बमोजिम हुनेः**

यस निर्देशिकामा उल्लेख भएका कुराहरूको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ

**१५. अमान्य वा निस्कृय हुनेः**

यस निर्देशिकामा उल्लेख भएका विषयहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय सरकार सञ्चालन नियमावली, स्थानीय तह वा सरकार आर्थिक प्रशासन नियमावली तथा अव

बन्ने प्रदेश कानून लगायतका प्रचलित ऐन तथा नियमावलीको दफा र नियमसंग बाझिएमा बाझिएको हदसम्म स्वत : अमान्य हुनेछ